# फिदिम नगरपालिका

## नगर कार्यपालिकाको कार्यालय

फिदिम, पाँचथर
१ नं. प्रदेश, नेपाल

*प्रकाशित मितिः २०७५।०१।०५*

*युवा लक्षित स्वरोजगार कार्यक्रमको लागि प्रश्ताव पेश गर्ने बारेको फिदिम नगरपालिकाको सुचना :*

यस नगरपालिकाको आ.व. २०७४।७५ को बार्षिक कार्यक्रम अनुसार स्वरोजगार कार्यक्रम समेत रहेको र उक्त कार्यक्रम संचालन गरि यस आ.व भित्र नगरपालिका भित्रका केहि व्यक्तिहरुलाई उद्यमशिल बनाइ रोजगारी सृजना गर्ने यस नगरपालिकाको उद्धेश्य रहेको हुँदा निम्न बमोजिमका नगरपालिका भित्र स्थायी बसोवास रहेका महानुभावहरुलाई परियोजना प्रस्ताव गर्नुहुन अनुरोध छ ।

<u>निम्न :</u>

१. परियोजना प्रस्ताव पेश गर्न व्यक्तिहरु अीनवार्य रुपमा कुनै संघ, संस्थाबाट व्यवसाय, उद्योग सम्बन्धमा तालिम प्राप्त गरेको हुनुपर्दछ ।

२. परियोजना प्रस्ताव गर्ने व्यक्ति ४० बर्ष नकाटेको हुनुपर्दछ ।

३. महिला, दलित, आदिवासी जनजातिलाई प्राथमिकता दिइनेछ ।

४. संचालन गर्न लाग्ने परियोजनाको प्रस्ताव ३ लाख भित्र हुनुपर्ने छ । ३ लाख भन्दा बढिको प्रस्ताव पेश गरि अधिकतम ३ लाख मानी अनुदान निर्धारण गरनिे छ ।

५. नगरपालिकाले परियोजनामा लागेको लागतको आधारमा पछि निर्धारण गरि निश्चित प्रतिशत रकम अनुदान उपलब्ध गराइने छ ।

६. दरखास्त नगरपालिका वा वडा कार्यलय मार्फत दिन सकिने छ ।

७. सुचना प्रकाशित भएको मितिले १५ दिन भित्र दरखास्त दिइसक्नुपर्नेछ ।

८. परियोजना प्रस्ताव स्वीकृत भई कार्य संचालन गर्दा नियमानुसार गर्नुपर्ने दर्ता प्रकिया पुरा गर्नुपर्ने छ ।

९. कृषि, व्यवसाय, पशुपालन जस्ता परियोजना अनिवार्य रुपमा बिमा गर्नुपर्ने छ ।

१०.परियोजनाकृ छनौट अनुदानको प्रतिशत निर्धारण कार्यपालिकाको बैठकबाट गरिनेछ ।

२०७५/०१/०५

.................................
गुरुदत्त सुवेदी
प्रमुख प्रशासकिय अधिकृत

प्रमुख प्रशासकीय अधिकृत